# सरुमारानी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बडडाँडाप्यूठान

लुम्विनी, प्रदेश नेपाल

पत्र संख्याः- २०७९/०८०

चलानी नः-

मितिः-२०७९।११।३०

**महिला सहकारी वा महिला आमा समूहले विपन्न सदस्यहरुको आय आर्जन सुधार कार्यक्रम अनुदानका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।**

उपरोक्त सम्बन्धमा यस सरुमारानी गाउँपलिकाको कार्यालयको बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तरगत विपन्न अवस्थाका शिशुहरुको लागि पोषण कार्यक्रममा महिला सहकारी तथा महिला आमा समूहलाई सुरुवात अनुदान वितरण गरी महिलाहरुको सामाजिक तथा आर्थिक सशक्तीकरण र व्यवसायीक उद्यसिलता प्रवर्धन गराउने उदेश्यले तपसिल बमोजिमको मापदण्ड पुगेका ईच्छुक महिला सहकारी वा महिला आमा समूहले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा ( मिति २०७९/१२/१४ गते कार्यालय समयभित्र) यस कार्यालयमा महिला सहकारी तथा समूहमा बहुक्षेत्रीय पोषण सम्बन्धी आयमूलक कार्यक्रम संचालन कार्यविधि, २०७७ को अनुसूची १ बमोजिमको निम्न कागजात सहित प्रस्ताव पेश गर्नुहुन अनुरोध छ ।

तपसिलः-

१. सहकारी दर्ता प्रमाण पत्र, सहकारीको विनियम र निवेदन ।
२. कर चुक्ता प्रमाण पत्र र स्थायी लेखा नम्बर ।
३. आ.व.०७८/०७९ को लेखापरिक्षण प्रतिवेदन ।
४. कार्यक्रममा सहभागि हुने सम्बन्धी सहकारी संस्थाको निर्णय प्रतिलिपि ।
५. संस्थाका अध्यक्ष र व्यवस्थापकबाट प्रमाणित गरिएको अनुसूची १ बमोजिम प्रस्ताव ।
६. महिला सहकारी तथा महिला आमा समूहले स्थानीयतहमा पेश गर्ने प्रस्तावको नमूना सरुमारानी गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

( देविराम पाठक )

प्रमुख प्रशासकीय अधिकृत

देविराम पाठक

प्रमुख प्रशासकीय अधिकृत